## सोरु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मुगु

# सोरु गाउँपालिकाको आर्थिक ऐन २०८२

CamScanner
CamScanner

# सोरु गाँउपालिका

## स्थानिय राजपत्र

खण्ड संख्या मितिः

भाग .

### सोरु गाँउपालिकाको आर्थिक ऐन,२०८२

**प्रस्तावनाः** सोरु गाँउपालिकाको आर्थिक बर्ष २०८२।०८३ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यन्वयन गर्नको निमित्त स्थानिय कर तथा शुल्क सङकलन गर्ने छुट दिने तथा आय सङकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनिय भएकोले, नेपालको संबिधानको धारा २८८ को उपधारा ( २ ) र स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा (१०२) बमोजिम यो ऐन बनाएको छ ।

१ **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम सोरु गाँउपालिकाको आर्थिक ऐन २०८२ रहेको छ।

(२) यो ऐन २०८२ साल श्रावण १ गते देखि सोरु गाँउपालिकाका क्षेत्रभित्र लागु हनेछ ।

२. **सम्पति करः** गाँउपालिका क्षेत्रभित्र अनुसूचि ( १) बमोजिम सम्पति कर लगाईने र असुल उपर गरिनेछ ।

३. **भूमि कर ( मालपोत)** गाँउपालिकाका क्षेत्रभित्र अनुसूचि(२) बमोजिम भूमि कर (मालपोत) लगाईने र असुल उपर गरिनेछ ।

**४. घर जग्गा बहाल करः** गाँउपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा पुरै आंशिक तवरले बहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा बहाल कर लगाईने र असुल गरिनेछ ।

**५. व्यवसाय करः** गाँउपालिका क्षेत्रभित्र व्यापार , व्यवसाय वा सेवामा पूँजिगत लगानि र आर्थिक कारोवारका आधारमा व्यापार व्यवसाय दर्ता नबिकरण गरे वापत अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाईने र असुल गरिनेछ ।

**६. जडिबुटी कवाडी र जिवजन्तु करः** गाँउपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन खोटो जडीबुटी बनकस कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जिवजन्तु बाहेकका अन्य मृत वा मारिएका जिवजन्तुको हाड सिङ प्वाँख छाला जस्ता बस्तुको व्यवसायिक कारोबार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाईने र असुल उपर गरिनेछ ।

**७. बिज्ञापन करः** गाँउपालिका क्षेत्रभित्र हुने बिज्ञापनमा अनुसूचि ( ६) बमोजिम बिज्ञापन कर लगाईने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हनेछ ।

**८. अन्य करः** गाँउपालिका क्षेत्रभित्र हुने पशु बस्तु आयात तथा निर्यातमा पशुपंक्षि सेवा शुल्क यूवा तथा बाल क्लव दर्ता र नबिकरण बोलपत्र आव्हान गरे वापत अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाईनेछ र असुल उपर गरिनेछ ।

**९ गैर कर राजश्व शुल्कः** गाँउ पालिका क्षेत्रभित्र व्यक्तिगत तथा सामाजिक बिकास निर्माणमा प्रयोजन गरे वापत अनुसूचि ( ८ ) बमोजिम गैर कर रावश्व लगाईनेछ र असुल उपर गरिनेछ ।

**१०. बहाल बिटौरी शुल्कः** गाँउपालिका क्षेत्रभित्र आफूले निर्माण रेखदेख वा संचालन गरेका अनुसूचि ( ९ ) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोहि अनुसूचि मा भएको व्यवस्थाअनुसार बहाल बिटौरि शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**११. नक्सा पासः** गाँउपालिका क्षेत्रभित्र कुनै पनि निजि तथा सरकारि सामुदायिक घर तथा भवन निर्माण गरे वापत अनुसूचि ( १० ) बमोजिम शुल्क लगाईने र असुल उपर गरिनेछ ।

CamScanner

**१२ व्यक्तिगत घटना दर्ता शुल्कः** गाँउपालिका क्षेत्रभित्र व्यक्तिगत घटना दर्ता तथा प्रतिलिपि दर्ता गरे वापत अनुसूचि -( ११ ) बमोजिम शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**१३ सिफारिस दस्तुरः** गाँउपालिका तथा वडा बाट गरिने बिभिन्न किसिमका सिफारिसहरु सेवा गरे वापत अनुसूचि -( १२ ) बमोजिम शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**१४ सरकारि सम्पतिको बहालबाट प्राप्त करः** गाँउपालिका बाट निर्माण तथा सेवा प्रदान गरे वापत अनुसूचि -(१३) बमोजिम शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**१५. सामुदायिक बन पैदावर बाट प्राप्त हने आयः** गाँउपालिकाका बिभिन्न सामुदायिक बन पैदावर बाट हुने आम्दानि वापत अनुसूचि -( १४ ) बमोजिम शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**१६. करार नबिकरण शुल्कः** गाँउपालिका भित्र करार कर्मचारि सेव नबिकरण गरे वापत अनुसूचि -(१५ ) बमोजिम शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**१७. कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**१८. कर तथा शुल्क संकलन सम्बन्धि कार्यबिधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यबिधि गाँउपालपिकाले तोके अनुसार हुनेछ ।

**अनुसूचिहरु**

**अनुसूचि - १**

**सम्पिति कर**

| करको किसिम | चालु आ व का दरहरु | आ व ०८२।०८३ को लागी प्रस्ताबित |
|---|---|---|
| ढुंगा माटोको गारो र माटोको छानो । खरको छानो भएको घर | १००। | १००। |
| ढुंगा माटोको र सिमेन्ट सहित टिनको छानो | २००। | २००। |

| | | |
|---|---|---|
| काठको छाना भएको घर | ५०। | ५०। |
| ढुंगा माटोको गारो र टिनको छानो भएको घर | १५०। | १५०। |
| सिमेन्ट सरिया सहितको पक्कि घर | ५००। | ५००। |

## अनुसूचि -२

### भूमिकर (मालपोत)

| | | |
|---|---|---|
| भोग चलन गरेको प्रति रोपनि | १०। | १०। |
| भोग चलन नगरेको (बाँजो) प्रति रोपनि | ५। | ५। |

## अनुसूचि-३

### घर जग्गा बहाल कर

| | | |
|---|---|---|
| गाँउमा भएको प्रति कोठा | १० प्रतिशत | १० प्रतिशत |
| बजारमा भएको प्रति कोठा (तारापानि र सोरुकोट) | १० प्रतिशत | १० प्रतिशत |
| जग्गा भाडा बहालमा लिएको प्रति रोपनि (बजार) | ५ प्रतिशत | ५ प्रतिशत |
| जग्गा बहालमा लिएको प्रति रोपनि (गाँउमा) | ५ प्रतिशत | ५ प्रतिशत |

## अनुसूचि -४

### व्यवसाय कर

| | | |
|---|---|---|
| तरकारी तथा फलफुल पसल | ५००। | ५००। |
| किराना पसल | ८००। | ८००। |
| फेन्सि पसल | १०००। | १०००। |
| कष्मेटिक पसल | २५०। | २५०। |
| स्टेशनरि पसल | ७००। | ७००। |
| खसि मासु पसल | १०००। | १०००। |
| कुखुरा मासु पसल | १०००। | १०००। |
| लघु उधोग | ३००। | ३००। |
| सिलाई कटाई पसल | १०००। | १०००। |
| मोवाईल घडी रेडियो र टी भि पसल | १०००। | १०००। |
| खाजा घर तथा रेष्टुरेन्ट | १२००। | १२००। |

CamScanner

| | | |
|---|---|---|
| होटल तथा लज | १५००। | १५००। |
| एग्रोभेट | ३००। | ३००। |
| सुन चाँदी पसल | १५००। | १५००। |
| फर्नचर उधोग | १५००। | १५००। |
| फोटो स्टुडियो ईलोक्टोनिक पसल | ५००। | ५००। |
| कृर्ष नर्सरि फर्म | ३००। | ३००। |
| मेडिकल | १२००। | १२००। |
| घ वर्गको निर्माण व्यवसाय नयाँ दर्ता ईजाजत | ३००००। | २५०००। |
| घ वर्गको निर्माण व्यवसाय नबिकरण | १००००। | ७०००। |
| घ वर्गको निर्माण ईजाजत अविलम्ब शुल्क | १५०००। | १००००। |
| फर्निचर उधोग दर्ता शुल्क | १०००। | १०००। |
| एफ एम रेडियो दर्ता शुल्क | १०००। | १०००। |
| कृषि पशु तथा फलफुल फर्म दर्ता शुल्क | १५००। | १५००। |
| कृषि पशु तथा फलफुल फर्म नबिकरण शुल्क | १०००। | १०००। |
| कृषि सहकारी दर्ता शुल्क | ६०००। | ३०००। |
| कृषि सहकारी नबिकरण शुल्क | ३०००। | १५००। |
| बहुउदेश्यि सहकारी दर्ता शुल्क | १००००। | ३०००। |
| बहुउदेश्यि सहकारी नबिकरण शुल्क | ५०००। | १५००। |
| संस्था दर्ता शुल्क | १००००। | ५०००। |
| संस्था नबिकरण शुल्क | ५०००। | २५००। |
| व्यवसाय दर्ता शुल्क | १०००। | १०००। |
| व्यवसाय दर्ता नबिकरण शुल्क | ५००। | ५००। |
| पार्किङ शुल्क | १५०। | १५०। |

## अनुसूचि -५

## जडिबुटि कवाडि र जिवजन्तु कर

| | | | |
|---|---|---|---|
| | घुच्चि च्याउ प्रति के जि | १५०। | ३००। |
| | बन लसुन प्रति के जि | ५००। | ५००। |
| | खिरौला (सेतो चिनि) प्रति के जि | २५। | २५। |

| | | | |
|---|---|---|---|
| | चिराईतो प्रति के जि | ५। | १०। |
| | कट्को (कुट्कि) प्रति के जि | १००। | १००। |
| | सतुवा प्रति के जि | १०। | २०। |
| | जटामसि प्रति के जि | १५०। | १५०। |
| | समुह (सुगन्ध वाल) प्रति के जि | ५। | ५। |
| | लेकाली लौठो प्रति के जि | ०। | ५। |
| | रातो च्याउ प्रति के जि | ०। | ४०। |
| | पाखन बेद सिमपाडी जडा प्रति के जि | ०। | ५। |
| | पदम चाल्नु प्रति के जि | ०। | २। |
| | तिते पाति प्रति के जि | ०। | २। |
| | जटामसि (भुल्ते) प्रति के जि | ०। | ५०। |
| | बजो प्रति के जि | ०। | २। |
| | धुपि प्रति के जि | ०। | २। |
| | सजईनु प्रति के जि | ०। | २। |

**अनुसूचि -६**

**बिज्ञापन कर**

| | | | |
|---|---|---|---|
| | सानो | ३००। | ३००। |
| | मझौला | ५००। | ५००। |
| | ठुलो | १०००। | १०००। |

**अनुसूचि -७**

**अन्य कर**

| | | | |
|---|---|---|---|
| | बाख्रा निर्यात प्रति | ५। | ५। |
| | बंगुर निर्यात प्रति | ५। | ५। |
| | भेडा आयत प्रति | ५। | ५। |
| | घोडा खच्चर प्रति | २०। | २०। |
| | भैंसि प्रति | २०। | २०। |
| | गाई गोरु प्रति | १०। | १०। |
| | पशुपंक्षि सेवा शुल्क घरपालुव | १०। | १०। |
| | युवा क्लव र बालक्लव दर्ता शुल्क | २००। | २००। |
| | युवा क्लव र बालक्लव दर्ता नबिकरण | १००। | १५०। |

CamScanner
CamScanner

गैर कर

| | | |
|---|---|---|
| बालुवा प्रति टयालि | १००। | २००। |
| ढगां प्रति चट्टा | ५०। | १००। |
| प्रति कट्टा | ५। | ५। |

अनुसूचि .९

बहाल बिटौरि शुल्क

| | | |
|---|---|---|
| पसल | १००। | १००। |
| होटल | १५०। | १५०। |
| घर टहरा | ५०। | ५०। |

अनुसूचि .१०

नक्सा पास

| | | |
|---|---|---|
| नक्सा पास सडक सँग जोडिएको प्रति तलाको | ६०००। | ६०००। |
| नक्सा पास सडक सँग नजोडिएको प्रति तलाको | ४५००। | ४५००। |

अनुसूचि .११

व्यक्तिगत घटना दर्ता शुल्क

| | | |
|---|---|---|
| जन्म दर्ता नयाँ । प्रतिलिपि | १५०।२००। | २००/५०० |
| मृत्यु दर्ता नयाँ । प्रतिलिपि | ५०।१००। | २००/५०० |
| विवाह दर्ता नयाँ । प्रतिलिपि | ५००।६००। | २००/५०० |
| बसाईसराई दर्ता नयाँ । प्रतिलिपि | ३००।४००। | २००/५०० |
| सम्वन्ध विच्छेद दर्ता नयाँ । प्रतिलिपि | २५०।३००। | २००/५०० |

अनुसूचि .१२

सिफारिस दस्तुर

| | | |
|---|---|---|
| नागरिकता सिफारिस । प्रतिलिपि | १५०। | १५०। |
| नाता प्रमाणित नेपालि। अंग्रेजिमा | १५०। | १५०। |
| आय प्रमाणित नेपालि। अंग्रेजिमा | ०.२५ प्रतिशतआएको | ०.२५ प्रतिशतआएको |
| जग्गा सिफारिस | २००। | २००। |

| | | |
|---|---|---|
| आय प्रमाणित नेपालि। अंग्रेजिमा | ०.२५ प्रतिशतआएको | ०.२५ प्रतिशतआएको |
| जग्गा सिफारिस | २००। | २००। |
| चार किल्ला प्रमाणित सिफारिस | १००। | १००। |
| अन्य सिफारिस | १००। | १००। |
| योजना सम्झौता र सम्मपन्न | ५००। | ५००। |

अनुसूचि -१३

**सरकारि सम्पतिको बहालबाट प्राप्त कर**

| | | |
|---|---|---|
| एकसाभेटर प्रति घण्टा | ४५००। | ४५००। |
| प्रोजेक्टर भाडा प्रति दिन | ५००। | ५००। |

अनुसूचि -१४

**सामुदायिक बन पैदावर बाट प्राप्त हुन आय**

| | | |
|---|---|---|
| प्राप्त कुल आयको | १० प्रतिशत | १० प्रतिशत |

अनुसूचि -१५

**करार नबिकरण शुल्क**

| | | |
|---|---|---|
| प्रा बि तह । गा पा कार्यरत कर्मचारि | ५००। | ५००। |
| नि मा बि तह । गा पा कार्यरत पाँचौ तहका कर्मचारि | ८००। | ८००। |
| मा बि तह । गा पा कर्मचारि अधिकृत तह | १०००। | १०००। |

CamScanner